**अनुसूची- २**

(दफा ४ तथा अनसूची-१ को भाग-२ सँग सम्बन्धित)

**भजनी नगरपालिका, कैलाली**

# स्थानीय राजपत्र

खण्ड : ३ संख्या : १ प्रमाणीकरण मिति :- २०७६/०२/१४

प्रकाशन मिति :- २०७६/०९/१५

## <u>भाग - २</u>

## भजनी नगरपालिकाको आर्थिक सहायता सम्बन्धी मापदण्ड, २०७६

**प्रस्तावना :** भजनी नगरपालिकाबाट प्रदान गरिने आर्थिक सहायतालाई छिटो, छरितो, मितव्ययी, पारदर्शी एवं प्रभावकारी रुपमा प्रवाह गर्न र सहायता प्राप्त गर्नेलाई अनुशासित, जवाफदेही, उत्तरदायी बनाई परिणाम हासिल गर्न, भजनी नगरपालिकाको कोषको सही सदुपयोग गर्न र गराउन । सामाजिक सुरक्षा र संरक्षण प्राप्त गर्ने नागरिकहरुको मौखिक हकको प्रत्यभुत गर्न स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को उपदफा ७ तथा प्रशासकीय भजनी नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी भजनी नगर कार्यपालिकाले यो मापदण्ड बनाई जारी गरेको छ ।

### १. आर्थिक सहायता प्रदान गर्न सकिने :

तपसिलको अवस्थाका व्यक्ति वा निजको अभिभावक वा संरक्षणलाई यसै मापदण्ड बमोजिम तोकिएको प्रक्रिया पुरा गरी प्रमुखको तोकादेशमा रु. १,५००।- (एक हजार पाँच सय) देखि रु. ५,०००।- (पाँच हजार) सम्म रकम वा सो बरार सम्मको जिन्सी सहायता गर्न सक्नेछ । र पछि आवश्यमता अनुसार कार्यपालिकाको बैठकमा अनुमोदन गर्नुपर्नेछ । निम्न अवस्थामा दिन सकिने सहायतामा बढीमा रु. ५,०००।-(पाँच हजार मात्र ।) मा नबढ्ने गरी दिने र गम्भीर

प्रकृतिको पिडितलाई पुर्ण/अंगभंग/मृत्यु भएका परिवार समेतलाई सक्दो आर्थिक सहायता दिन विपद कोष वा अन्य कोषको व्यवस्थापन गरी उपलब्ध गराउनुपर्नेछ ।

क) विरामी,

ख) अशक्त अपाङ्ग,

ग) परिवारबाट विस्थापित सहारा विहीन बृद्धवृद्धा,

घ) अतिअशक्त व्यक्तिहरु,

ङ) प्राकृतिक विपत्ति तथा विपद्मा परेमा परेका घरवार विहिन व्यक्तिहरु,

## २. आर्थिक सहायता प्रदान गर्ने तरिका :

२.१ भजनी नगरपालिकाले आर्थिक सहयोग उपलब्ध गराउँदा निम्न प्रक्रिया अवलम्बन गर्नेछ :

क) सम्बन्धीत व्यक्ति वा निजको अभिभावक वा निजको संरक्षकको निवेदन ।

ख) अपाङ्गको हकमा सम्बन्धीत निकायबाट जारी अपाङ्ग परिचयपत्र ।

ग) प्राकृतिक विपत्ति तथा विपद्मा परेकाको हकमा प्रहरी सर्जमिन मुचुल्का ।

घ) अशक्त, सहारा विहिन बृद्धवृद्धा, अतिअशक्त विपन्न व्यक्तिहरुको हकमा वडा कार्यालयको सिफारिस ।

ङ) विरामीको हकमा निवेदन साथ सम्बन्धित अस्पताल, नर्सिङ्ग होम, वा स्वास्थ्य क्लिनिक वा जाँच गर्ने डाक्टरले जाँच गरेको प्रमाणको प्रतिलिपी, यस्तो कागजात निवेदन दिने मिति भन्दा १(एक) महिना पुरानो भएमा मान्य हुने छैन । साथै सम्बन्धित डाक्टरले उपचारको लागि लेखिदिएको औषधीहरुको विवरण र सो खरिदको लागि अनुमानित लाग्ने खर्चको विवरण सहित सामाजिक समितिको सिफारिस । तर माथि जुनसुकै कुरा लेखिएको भएमा पनि कडा रोग अपरेशन गर्नुपर्ने, कुनै अङ्ग फेर्नुपर्ने वा उपचारका लागि धेरै खर्च लाग्ने भएमा सो को मेडिकल बोर्डको सिफारिस समेत पेश गर्नु पर्नेछ । मेडिकल वोर्डको सिफारिस सहित सहयोग माग भएको हकमा भजनी नगरपालिकाको सम्बन्धित वडा कार्यालयको सिफारिस बमोजिम भजनी नगरपालिकाको नगर कार्यपालिका बैठकमा पेश गरी निर्णय भए बमोजिम बिरामीको अवस्था र औचित्य हेरी आर्थिक सहयोग उपलब्ध गराउन सकिनेछ ।

२.२ उपरोक्त बमोजिम सहयोगका लागि आउने निवेदन दर्ता नगरपालिकाले निवेदकको अवस्थाको गाम्भिर्यता प्रति विश्वस्त हुन आवश्यता अनुसार सम्बन्धित वडा कार्यालयको सिफारिस समेत माग गर्न सक्नेछ ।

**३. स्वीकृत आर्थिक सहयोगको भुक्तानी :**

दफा १ र २ बमोजिम आर्थिक सहयोग उपलब्ध गराउने निर्णय भएमा प्रमुख प्रशासकीय अधिकृतले नगर सभाबाट विनियोजित शिर्षकको बजेटबाट निवेदकलाई निर्णयानुसार आर्थिक सहयोग उपलब्ध गराउने व्यवस्था गर्नेछ ।

**४. एक व्यक्तिलाई एक पटक मात्र सयहेग उपलब्ध गराउन सकिने :**

माथि जुन सुकै कुरा लेखिएको भएता पनि दफा २ को उपदफा १ बमोजिमको सहयोग बाहेकको हकमा एक व्यक्तिलाई एक आर्थिक वर्षमा एकपटक भन्दा बढी एकै शर्षिकमा आर्थिक सहयोग उपलब्ध गराईने छैन ।

**५. विविध :**

**५.१ बाझिएमा :** यो मापदण्डमा उल्लेख भएका प्रावधान र प्रक्रियाहरु स्थानीय सरकार संचालन ऐन, २०७४ र अन्य प्रचलित कानुन संग बाझिएमा बाझिएको हद सम्म अमान्य हुनेछ ।

**५.२ कारवाही :** यस मापदण्ड विपरित आर्थिक वितरण गरिएमा, त्यस्तो निर्णय वा आदेश दिने, आदेश दिन वा निर्णय गर्न सिफारिस तथा सहयोग गर्ने कर्मचारी तथा पदाधिकारीबाट असुल उपर गरिनेछ ।

**५.३** यसै मापदण्ड बमोजिम भए गरेको मानिने : यस अघि यस नगरपालिकाबाट भएमा वा दिईएका आर्थिक सहयोग वा सहायता यसै मापदण्ड बमोजिम भए गरेको मानिनेछ र सो मापदण्ड पारित हुनु भन्दा यस आर्थिक वर्षमा आर्थिक सहायता सम्बन्धी तोकादेश/निर्णयहरु कार्यपालिका बैठकबाट अनुमोदन समेत गराउनु पर्नेछ ।

आज्ञाले,
प्रमुख प्रशासकीय अधिकृत